# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०७९/०८०



गण्डकी प्रदेश सरकार

उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

पोखरा, नेपाल

# संगठनात्मक तालिका

**निर्देशक**

(रा.प.द्वि., प्रा., फ.रि.) - १

**वन अनुसन्धान तथा सर्वेक्षण शाखा**

अ.अ (रा.प.तृ.,प्रा., फ.रि.) - १

रेञ्जर (रा.प.अनं.प्र.प्रा.,फ.रि)- १

**प्रशासन फाँट**

नायब सुब्बा (रा.प.अनं.प्र.प्र.) - १

लेखापाल (रा.प.अनं.प्र.प्र.)- १

फ.गा.(श्रेणी विहिन)- १

हल्का सवारी चालक (श्रेणी विहिन)- १

कार्यालय सहयोगी (श्रेणी विहिन)- १

**तालिम तथा योजना शाखा**

ता.अ. (रा.प.तृ. प्रा./ज.फ.) - १

रेञ्जर (रा.प.अनं.प्र.प्रा./ज.फ.)- १

# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०७९/०८०

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

पोखरा, नेपाल

**प्रकाशक**

गण्डकी प्रदेश, सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
पोखरा
फोन: ०६१-४६६९७४
*Email: frtc.gandaki@gmail.com*

**संकलन, लेखन तथा डिजाईन**
तालिम अधिकृत ममता शर्मा

**प्रकाशन प्रति** : २५०

**प्रकाशन वर्ष** : २०८०

**मुद्रण** :
बन्धु अफ्‌सेट प्रेस, पोखरा ९, नयाँबजार
फोन नं. ०६१-५८२३४४
*Email:bandhupress@gmail.com*

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
पोखरा, नेपाल

फोन नं. ०६१ ४५६९७४
ईमेल : *frtc.gandaki@gmail.com*

प.सं.:
च.नं.:

मिति : २०८०।११।१३

## दुई शब्द



करिब तीन दशकदेखि राज्यको वन सम्पदाको संरक्षण, व्यवस्थापन र विकासमा ठूलो परिवर्तन आएको छ । वर्तमान समयमा वन संरक्षण, व्यवस्थापन र सदुपयोगका पक्षहरूमा सामाजिक समावेशीकरण, लैगिक समता, सुशासन, पारदर्शिता तर्फ समुदायलाई अग्रसर गराई समयसापेक्ष नीति नियम निर्देशिकाहरूको सबल कार्यान्वयनमा नै वन क्षेत्रको प्रगति निर्भर गर्दछ । ती पक्षहरूको बारेमा फिल्ड स्तरमा कार्य गर्ने निम्न र मध्यमस्तरीय वन प्राविधिकहरूलाई आवश्यक पर्ने तालिम संचालन गर्दै मानव स्रोत विकास गर्ने साथै वन क्षेत्रको नीति निर्माणमा सहयोग पुऱ्याउनका लागि अध्ययन अनुसन्धानहरू, यस केन्द्रले गर्दै आइरहेको छ । यस केन्द्रबाट सञ्चालित विभिन्न तालिम तथा अध्ययन अनुसन्धान कार्यक्रमहरूका बारेमा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले सम्पादित कार्यक्रमहरूको पार्श्वचित्रको रूपमा यो पुस्तिका तयार पारिएको छ ।

यस पुस्तिकाको प्रकाशनले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश, पोखराद्वारा आ.व. २०७९।८० मा सञ्चालित एवम् सम्पादित कार्यक्रमहरूको समष्टिगत संक्षिप्त विवरण आम जनस्तरमा, सरोकारवाला कार्यालय, संघ/संस्था तथा निकायहरूमा सार्वजनिक हुन गई यस केन्द्रको कार्य सम्पादन स्तर, वित्तिय अनुशासन, पारदर्शिता एवम् वन अनुसन्धान तथा प्रशिक्षणमा देखिएका परिवर्तन तथा चुनौतीका सम्बन्धमा सम्पुर्ण सरोकारवालाहरू सुसूचित भई भविष्यमा अझ प्रभावकारी रूपमा वन क्षेत्रको विकास, अध्ययन, अनुसन्धान तथा तालिम संचालन गर्न सम्बन्धित सबैबाट सकारात्मक तथा रचनात्मक सुझावहरू प्राप्त हुने अपेक्षा समेत गरिएको छ ।

यस पुस्तिकामा समावेश गरिएका विषयवस्तु तथा तथ्य तथ्यांकहरूलाई तथ्यपरक तथा विश्वसनीय बनाउन यथासम्भव प्रयास गरिएको छ । तथापी यसमा केहि त्रुटी तथा कमी कमजोरीहरू रहेका हुन सक्दछन । यस प्रति यहाँहरूका अमूल्य सुझाव तथा प्रतिकृयालाई मार्गदर्शनको रूपमा लिई आगामी दिनमा प्रकाशन हुने यस किसिमका प्रकाशनहरूलाई अझ थप परिष्कृत गर्दै लगिने विश्वास समेत दिलाउन चाहन्छु ।

अन्त्यमा, यस किसिमको महत्वपूर्ण प्रकाशनका लागि तथ्याङ्क तथा जानकारीहरू उपलब्ध गराई सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी तथा अन्य महानुभावहरू र यस पुस्तिका तयारीका लागि प्रकाशन योग्य वनाउने कार्यमा अनवरत खट्नुहुने तालिम अधिकृत ममता शर्मा,अनुसन्धान अधिकृत मन्जु के.सी., अधिकृत (छैठौं) हरि कुमार श्रेष्ठ, अधिकृत (छैठौं) चुङला शेर्पा, नायव सुव्वा ज्योती गुरूङ र अधिकृत गीता कुमारी शर्मा लगायत अन्य सहयोगी कर्मचारीहरू सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**राजेश मल्ल**
**निर्देशक**

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लक्ष्य/उद्देश्यहरू | २ |
| १.३ | कार्य क्षेत्रको विवरण | २ |
| १.४ | वन क्षेत्रका सरकारी एवं सरोकारवाला निकाय तथा कार्यक्रमहरू | २ |
| १.५ | अध्ययन/अनुसन्धान तथा तालिम संचालन विधि | ३ |
| १.६ | आ.व. २०७७।०७८ मा संचालित तालिमहरू | ४ |
| २. | फिल्ड फलोअप तथा तालिम आवश्यकता पहिचान | ५ |
| २.१ | पृष्ठभूमि : | ५ |
| २.२ | लक्ष्य तथा उद्देश्य : | ५ |
| २.३ | अपनाइएको विधि : | ५ |
| २.४ | तथ्यांक संकलन : | ६ |
| २.५ | नतिजा तथा छलफल : | ६ |
| २.६ | तालिमको प्रभावकारिता विश्लेषण : | ७ |
| २.७ | निष्कर्ष तथा केही सुझावहरू : | ८ |
| २.८ | तालिम सम्बन्धी चुनौतीहरू : | ८ |
| २.९ | प्रभावकारी तालिम संचालनका लागि सुझावहरू : | ९ |
| २.१० | क्षमता अभिबृद्धि : | १० |
| २.११ | भौतिक पूर्वाधार : | १० |
| ३ | आ.व. २०७७।०७८ मा गरिएका अध्ययन, अनुसन्धान : | १२ |
| ४. | सम्पादित विभिन्न तालिमहरूको विवरण | १६ |
| ४.१ | आ.व. २०७८।०७९ को संचालित तालिमको प्रगति विश्लेषण : | १६ |
| ४.२ | कार्यालय र तालिमका आधारमा सहभागी विवरण तथा विश्लेषण : | १६ |
| | अनुसुचिहरू | १८ |

# १. परिचय

## १.१ पृष्ठभूमि

प्रदेश सरकारको स्थापनासँगै यस प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना २०७४/१०/२४ मा भएको हो । यस मन्त्रालय मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखरा नेपालका सात प्रदेशमा रहेका सातवटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमध्ये एक हो । वि.सं. २०५० मंसिर १ गते पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्रको रूपमा स्थापना भई तालिम कार्यक्रम सञ्चालन हुँदै आएको थियो र तत्कालीन समयमा वि.सं. २०४६ सालदेखि डेनमार्क सरकारको सहयोगमा डानिडा सामुदायिक वन विकास परियोजना र वि.सं. २०५५ देखि २०६१ सालसम्म प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रगत सहयोग कार्यक्रम (NARMSAP) को प्राविधिक तथा आर्थिक सहयोग वन मन्त्रालय अन्तर्गतका क्षेत्रीय वन निर्देनालय तथा जिल्ला वन कार्यालयहरूलाई प्राप्त थियो । वि.सं. २०५० मंसिरमा क्षेत्रीय वन तालिम केन्द्रको स्थापना भए पश्चात उक्त परियोजनाहरूको प्राविधिक तथा आर्थिक सहयोग तालिम केन्द्रलाई पनि प्राप्त थियो । तत्पश्चात नेपाल सरकारको बजेटबाट सम्पूर्ण तालिम कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । तथापि विगत केहि बर्षहरूमा हरियो वन कार्यक्रम तथा वहुसरोकारवाला वन कार्यक्रमले विभिन्न तालिमहरूमा सहयोग गर्दै आएका थियो । हाल आएर देशमा भएको राजनैतिक परिवर्तन सँगसँगै भएको नयाँ व्यवस्था अनुसार देश संघियतामा गएको परिप्रेक्षमा संघियताको कार्यान्वयन संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था भएसँगै यस कार्यालय प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रूपमा वि.सं २०७५ मा स्थापना भई वन वातावरण सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिम संचालन गर्दै आइरहेको छ ।

गण्डकी प्रदेशमा रहेका प्राकृतिक स्रोत तथा जैविक विविधताको दीगो प्रयोग एवं यसबाट प्रादेशिक तथा स्थानीय स्तरमा पर्ने प्रभाव र संघीयताको कार्यान्वयन सँगसँगै राष्ट्रले खोजेको समृद्ध नेपाल सुखी नेपालीको उद्देश्य प्राप्त गर्नमा खेल्न सक्ने भूमिकाहरूको वारेमा समेत अध्ययन अनुसन्धान र प्राप्त नतिजाहरूलाई तालिम तथा प्रचारप्रसार सामाग्रीको माध्यमबाट सरोकारवालासम्म पुर्‍याउने काम पनि यस केन्द्रले गर्दै जानेछ । यस केन्द्रले अधिकृतस्तर देखि श्रेणी

विहिन (प्रा.) सम्मका कर्मचारीहरूलाई तालिम दिंदै आएको छ।

## १.२ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लक्ष्य/उद्देश्यहरू

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने। अध्ययन अनुसन्धान मार्फत वन क्षेत्र सम्बन्धी नीति निर्माणमा सहयोग पुर्‍याउने। वन क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरूको प्रचारप्रसार मार्फत सरोकारवाला समक्ष पुर्‍याउने। स्थानीय उपभोक्ता समूह र कार्यान्वयन तहका सरोकारवालाहरूलाई प्राविधिक, सामाजिक र व्यवस्थापकीय क्षेत्रमा सहयोग पुर्‍याउन वन प्राविधिक र प्रशासनिक कर्मचारीहरूलाई तालिम प्रदान गरी सक्षम बनाउने। तालिम आवश्यकता पहिचान गरी समयमै प्रभावकारी तालिम संचालन तथा अनुगमन र मूल्याङ्कन गर्ने।

## १.३ कार्य क्षेत्रको विवरण

गण्डकी प्रदेशका ११ वटा जिल्ला यस केन्द्रको कार्यक्षत्र हो। वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, वन निर्देशनालय, पोखरा, डिभिजन वन कार्यालय मुस्ताङ, मनाङ, म्याग्दी, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत र बागलुङ र नवलपरासी (बर्दघाट सुस्तापूर्व), भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरू पर्वत र तनहु, ताल संरक्षण तथा विकास प्राधिकरण, पञ्चासे संरक्षित वन कार्यक्रम, वृहत जलाधार व्यवस्थापन केन्द्र, पोखरा, ढोरपाटन शिकार आरक्षको कार्यालय, पञ्चासे संरक्षित वन कार्यक्रम, बिउ प्रयोगशाला तथा भण्डारण केन्द्र, भानु प्राणी उद्यान, अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना तथा मनास्लु संरक्षण क्षेत्र आयोजना लगायतका कर्मचारीहरूलाई आवश्यक पर्ने तालिमहरू संचालन गरी क्षमता तथा नेतृत्व विकासमा सहयोग पुर्‍याउनु यस केन्द्रको मुख्य कार्य हो।

## १.४ वन क्षेत्रका सरकारी एवं सरोकारवाला निकाय तथा कार्यक्रमहरू

वन क्षेत्रसंग सम्वन्धित कार्य गर्दै आईरहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरू विच कार्यगत एकता तथा समन्वयको खाँचो रहन्छ। साथै ति क्षेत्रहरूमा कार्य गर्दाका आ-आफ्नो क्षेत्रवाट भए गरेका कार्य र सोको अनुभवको आदान-प्रदानबाट समग्र कार्यक्रमको प्रभावकारितामा सकारात्मक परिणाम हा'सिल गर्न मद्दत पुग्दछ। विगतका अनुभव र भए गरेका कार्यहरूको वारेमा फिल्ड स्तरसम्म सूचना र प्रविधिको संचार गर्ने कार्यमा यस


केन्द्रले अहम् भूमिका खेल्दछ । गण्डकी प्रदेशमा वन, वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र एवं समग्र वातावरण संरक्षणका लागि कार्य गर्दै आईरहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग सहकार्य, समन्वय र सहयोगको यस केन्द्रले सधैं अपेक्षा राख्दछ ।

## १.५ अध्ययन/अनुसन्धान तथा तालिम संचालन विधि

अध्ययन अनुसन्धानको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनीक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रकृयाहरू अवलम्बन गरी यस केन्द्रका मौजुदा जनशक्ति वा परामर्श सेवाबाट अध्ययन अनुसन्धान गराइन्छ । यसरी अध्ययन भई आएका प्रतिवेदनहरूलाइ सम्बन्धित सरोकारवालाहरूको माझमा अन्तरक्रिया छलफल गराई सो बाट प्राप्त सुझावहरू समेत समेट्न लगाई अन्तिम रिर्पोट तयार पार्न लगाइन्छ । यसरी प्राप्त अध्ययन प्रतिवेदनहरू यस केन्द्रको महत्वपूर्ण दस्तावेजको रूपमा रहेका छन् । यसले वन र वातावरणको क्षेत्रमा भविष्यमा के कस्ता योजना तथा थप अध्ययन अनुसन्धान गर्नुपर्दछ भन्ने सम्बन्धमा मार्गदर्शन गर्दछन ।

यस केन्द्रले तालिम कार्यक्रम निश्चित प्रक्रिया अवलम्बन गरी संचालन गर्दछ । कर्मचारीहरूलाई आफ्नो कार्य विवरण अनुसार काम गर्दा अप्ठेरो परेका क्षेत्र के के हुन् निर्धारण गरी कुन किसिमको तालिम कुन स्तरको कर्मचारीलाई आवश्यक छ भनी तालिम आवश्यकता पहिचान गरिन्छ । तालिम आवश्यकता पहिचान भएपछि सो अनुरूप तालिम पाठ्यक्रम र सत्र योजना वनाई कार्यान्वयन गरिन्छ । सम्पन्न तालिमको प्रभावकारिता अनुगमन गर्ने र प्राप्त अनुभवलाई पुनः तालिम कार्यक्रममा समावेश गर्ने कार्य गरिन्छ । यसको साथै तालिम कार्यक्रमसँग सम्वन्धित तथ्याङ्कहरू र रेकर्ड अद्यावधिक राखिने गरिएको छ । जसवाट विगत वर्षहरूमा कुन कर्मचारीले कुन तालिम प्राप्त गरे, के के विषयमा तालिम संचालन गरिएको थियो, पाठ्यक्रम डिजाईन कसरी भएको थियो भन्ने जानकारीहरूबाट पछिका दिनमा संचालन गरिने कार्यक्रमहरूलाई अझ प्रभावकारी वनाउन सकिन्छ । तालिममा सेसन सहजिकरणका लागि मौजुदा जनशक्तिका अलावा बिषय विज्ञ र फिल्डमा काम

गरी अनुभव प्राप्त गरेका स्रोत व्यक्तिहरूलाइ आमन्त्रण गरिन्छ । केन्द्रबाट संचालन गरिने तालिम कार्य संचालन विधिलाई निम्न चित्रबाट समेत बुझ्न सकिन्छ ।




## १.६ आ.व. २०७९।०८० मा संचालित तालिमहरू

आ.व. ०७९।०८० मा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट संचालित तालिमहरूको नामावली निम्नानुसार छ साथै यसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

### कार्यालय प्रमुखलाई तालिम

- कार्यालय प्रमुखहरूलाई पुनर्ताजकी तथा सुशासन प्रवर्धन तालिम

### सहायक/अधिकृतस्तर तालिम

- वन तथा भूउपयोग क्षेत्र विश्लेषण गर्ने गुगल अर्थ इन्जिन तालिम
- दुर संवेदन तथा भौगोलिक सूचना प्रणली तालिम
- कानुनी कार्यविधि तालिम
- वन तथा वातावरण सम्बन्धी अध्ययन अनुसन्धानमा म्चयलभ को प्रयोग
- EIA/IEE/EMP तयारी, स्वीकृती, कार्यान्वयन तथा अनुगमन सम्बन्धी तालिम

### फरेष्टर/वन रक्षकस्तर तालिम

- वन्यजन्तु उद्धार तथा व्यवस्थापन सम्बन्धी तालिम
- CITES सम्बन्धी तालिम

# २. फिल्ड फलोअप तथा तालिम आवश्यकता पहिचान

## २.१ पृष्ठभूमि

आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस केन्द्रबाट संचालित विभिन्न तालिमहरूको फिल्ड फलोअप तथा तालिम आवश्यकता पहिचानको लागि यस तालिम केन्द्रका कर्मचारीहरू विभिन्न समूहमा विभाजन भई सम्बन्धित जिल्लामा गई कर्मचारीहरूसँग भेटघाट तथा छलफल गरी प्रश्नावली अनुसार तथ्याङ्क संकलन गरिएको थियो ।

## २.२ लक्ष्य तथा उद्देश्य

केन्द्रबाट विगतका वर्षहरूमा संचालित तालिम कार्यक्रमहरूको अनुगमन तथा तालिमको प्रभावकारिता मूल्याङ्कनको साथै आगामी वर्षका लागि आवश्यक तालिमहरूको पहिचान गरी कार्यक्रम बनाउनु र प्रभावकारी तालिम संचालन गरी फिल्ड स्तरका कर्मचारीहरूलाई सबल, सक्षम तथा व्यवहारिक बनाउनु यस कार्यक्रमको लक्ष्य रहेको छ ।

### उपरोक्त लक्ष्य हासिल गर्न देहायका उद्देश्यहरू राखिएका छन्

- विगतमा तालिमका क्रममा सहभागीहरूले बनाएका योजना पूरा गरे नगरेको निक्र्यौल गर्ने ।
- विगतमा संचालित तालिमहरूको समग्र प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- तालिममा सिकेका कुरा कार्यान्वयन गर्दा देखा परेका कठिनाई तथा समस्याहरूका बारेमा जानकारीहरू संकलन गर्ने तथा पृष्ठपोषण समेत लिने ।
- जिल्लास्तरमा प्राविधिक, जुनियर प्राविधिक तथा प्रशासनस्तरका कर्मचारीहरूका लागि तालिम आवश्यकता पहिचान गर्ने ।
- पाठ्यक्रममा परिमार्जन गरी कार्यान्वयन गर्न सकिने व्यवहारिक तालिममा जोड दिने ।

## २.३ अपनाइएको विधि

यस केन्द्रका सबै कर्मचारीहरूको बैठकमा फिल्ड फलोअप कार्यक्रमका बारेमा यसको रणनीति/कार्यनीतिमा व्यापक छलफल गरी देहायको कार्यक्रम तय गरिएको थियो ।

१. प्रश्नावली तयार २. जिल्ला छनौट ३. कर्मचारीहरूसँग भेटघाट तथा छलफल ४. तथ्यांक संकलन

## २.४ तथ्यांक संकलन :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत कर्मचारीहरू समूह विभाजन गरी यस क्षेत्र अन्तर्गतका विभिन्न डिभिजन वन कार्यालय तथा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरूसँग भेटघाट तथा छलफल गरी प्रश्नावली अनुसारका तथ्यांक संकलन कार्य सम्पन्न गरियो ।

## २.५ नतिजा तथा छलफल :

डिभिजनल वन अधिकृत, सहायक वन अधिकृत, सहायक भू-संरक्षण अधिकृत, रेन्जर, भू-संरक्षण सहायक, फरेष्टर, वन रक्षक तथा प्रशासनिक कर्मचारीहरूबाट संकलित विवरणहरूको तथ्यांक विश्लेषण गर्दा निम्न अनुसारका नतिजा तथा सुझावहरू प्राप्त भएका छन् ।

- तालिम आवश्यकता पहिचान गरी तालिम योजना बनाइ तालिम संचालन गर्ने ।
- प्रभावकारी प्रशिक्षण विधिको प्रयोग गर्ने ।
- तालिमलाई अझ बढी प्रभावकारी बनाउन विषयवस्तुको विशेषज्ञ स्रोत व्यक्ति बोलाउने ।
- कार्यवोझ कम हुने समयमा तालिम संचालन गर्ने ।
- फिल्डवेस हुनुपर्ने ।
- सेवा सुविधा प्रर्याप्त हुनुपर्ने ।
- विषयवस्तु अनुसार तालिम अवधि निर्धारण गरी तालिम हुनुपर्ने ।
- समय सापेक्ष तालिम हुनुपर्ने ।
- तालिम पश्चात नियमित अनुगमन हुनुपर्ने ।
- अध्ययन भ्रमणको व्यवस्था हुनुपर्ने ।

फिल्ड फलोअपबाट प्राप्त सुझावको आधारमा आगामी दिनहरूमा बढी आवश्यकता भएका तालिमहरू यस प्रकार छन् :

### कार्यालय प्रमुख :

- पुनर्ताजगी तथा सुशासन प्रवर्द्धन तालिम
- तनाव व्यवस्थापन सम्बन्धी तालिम

### व.अ./भू.सं.अ/रेन्जर स्तर :

- गुगल अर्थ ईन्जिन तालिम
- वन वातावरण सम्बन्धी अध्ययन अनुसन्धानमा ड्रोनको प्रयोग तालिम

- वन विकास निर्माण कार्यका लागि डिजाइन तथा लागत अनुमान तयार गर्ने तालिम
- तथ्यांक व्यवस्थापन, विश्लेषण, र मोडलिंङ सम्बन्धी आरप्रोग्रामिङ तालिम ।
- जलाधार व्यवस्थापन/वायो इन्जीनियरिङ
- जि.आई.एस./जि.पी.एस.
- जलवायू परिवर्तन /रेड तथा कार्वन मापन
- कानुनी कार्यविधि
- आई.ई.ई./ई.आई.ए.
- जडीवुटी व्यवस्थापन
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन
- सेवाकालिन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम

**फरेष्टर/ वनरक्षक स्तर :**

- कानुनी कार्यविधि
- पुनर्ताजगी तालिम
- वनस्रोत मापन तथा जि.पी.एस.
- जडीवुटी व्यवस्थापन/साईटिस तालिम
- सेवाकालिन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम
- प्रशासनिक स्तर :
- कानुनी कार्यविधि तथा लेखा व्यवस्थापन तालिम
- कार्यालय व्यवस्थापन तालिम
- नेतृत्व विकास तथा सुशासन तालिम
- अभिलेख व्यवस्थापन तालिम

## २.६ तालिमको प्रभावकारिता विश्लेषण :

यस केन्द्रबाट कर्मचारीहरूको प्राविधिक समूह नै फिल्डमा गई फिल्ड स्तरमा तालिम संचालन गर्ने, अनुगमन गर्ने र कर्मचारीहरूलाई तुरून्त फिल्डमा नै गई पृष्ठपोषण समेत दिई कार्य गर्दा फिल्डमा काम गर्ने कर्मचारीहरूलाई निकै उपयोगी सावित भएको छ । फिल्डमा नै आई गर्नु पर्ने प्राविधिक पक्षका कमी कमजोरीहरूलाई हटाउन तालिम अत्यन्त प्रभावकारी ठहरिएको छ ।

## २.७ निष्कर्ष तथा केही सुझावहरू :

अनुगमनको सिलसिलामा पाइएका निष्कर्ष तथा सुझावका विषयहरू तल प्रस्तुत गरिएको छ ।

### २.७.१ निष्कर्ष :

जिल्लाबाट सहभागी छनौटका लागि बनाएका आधारहरू मुख्यतः योग्यता, इच्छा, क्षमता जस्ता कुरालाई आधार बनाइएको भएपनि केहीलाई तालिममा तत्कालिन अवस्थामा सहभागी हुन सक्ने कर्मचारीलाई छनौट गरी पठाइएको देखिन्छ । समग्रमा तालिममा सहभागीहरूको मूल्याङ्कन गर्दा स.व.अ./रेन्जर स्तरलाई प्रदान गरिएको तालिम बढी प्रभावकारी देखिन्छ ।

तालिममा सिकेका कुराहरू कतिपय अवस्थामा उचित सामग्रीको अभाव, प्राविधिक क्षमता, समय अभाव, कार्य गर्ने वातावरण अनुकुल नहुनु, अवसर नपाउनु आदिका कारण अपेक्षा गरे अनुसार फिल्डमा शत प्रतिशत लागू गर्न नसकेको पाइयो । फिल्ड फलोअप गर्न जादा कतिपय कर्मचारी सरूवा भई अन्यत्र गइसक्ने भएकोले कर्मचारी सरूवाको जानकारी यस केन्द्रलाई समेत पठाउने व्यवस्था भइदिएमा राम्रो हुने ।

### २.७.२ सुझावहरू :

- तालिम लिई गएका कर्मचारीहरूलाई फिल्डमा आवश्यक पर्ने सामाग्री, आफ्नो विषयवस्तु प्रस्तुत गर्ने मौका तथा काम प्रति हौसला बढाउन सकेमा काममा प्रभावकारिता आउने ।
- कर्मचारीको योग्यता एवं क्षमता हेरी तालिम सहभागिताका लागि पठाउनु पर्ने ।
- जिल्लाबाट समेत तालिम लिएका कर्मचारीहरूको अनुगमन, मूल्याङ्कन गर्नुपर्ने ।
- यस क्षेत्र अन्तर्गतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूले वन मन्त्रालयसँग सम्बन्धित तालिमहरू संचालन गर्दा यस केन्द्रसँग पनि समन्वय गरी गर्दा राम्रो हुने ।

## २.८ तालिम सम्बन्धी चुनौतीहरू :

- विगतदेखि यस आ.व.सम्म यस केन्द्रले विभिन्न तालिम कार्यक्रमहरू संचालन गर्दा आइ परेका चुनौतीहरू निम्न अनुरूप छन् ।
- माग भई आएको तालिमहरू वार्षिक कार्यक्रममा समावेश हुनु ।

- प्रत्येक कार्यालय/निकायबाट माग संख्याको सहभागी प्राप्त हुनु ।
- तालिमलाई थप समय सान्दर्भिक बनाउदै लैजानु ।
- तालिमबाट सिकेका सिपलाई संस्थागत रूपमा प्रयोगमा ल्याउनु ।

## २.९ प्रभावकारी तालिम संचालनका लागि सुझावहरू :

### २.९.१ गत वर्षहरूमा आएका सुझावहरूका आधारमा गरिएका सुधारहरू

विगत वर्षहरूमा विभिन्न ठाउँबाट आएका सुझावहरूका आधारमा तालिम कार्यक्रमहरूमा केही सुधारहरू भएका छन् । सुधार भएका पक्षहरू यस प्रकार छन् :

- यस आ.व. ०७९/०८० मा संचालित तालिमहरूमा सम्बन्धित विषयका दक्ष विशेषज्ञहरूलाई स्रोत व्यक्तिको रूपमा बोलाई प्रशिक्षण गराइएको ।
- वन सिमाना निर्धारण तथा वन स्रोत मापन कार्यमा जि.पि.एस तथा विभिन्न प्रकारका Software प्रयोग गरिएको ।
- तालिमलाई बढी प्रभावकारी बनाउनका लागि स्थलगत अभ्यासमा बढी जोड दिइएको ।

### २.९.२ प्रभावकारी तालिम संचालनका लागि गर्नु पर्ने सुधारका कार्यहरू :

#### २.९.२.१ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आन्तरिक रुपमा गर्नुपर्ने सुधारका कार्यहरू :

- यस कार्यालयले तयार गरेको वार्षिक कार्य योजना अनुसार सम्पुर्ण कार्यहरू समयमै सफलता पूर्वक सम्पन्न गर्नुपर्ने ।
- वन, वातावरण र वन्यजन्तु क्षेत्रका बारेमा नयाँ सवालहरूको थप जानकारीका लागि र तालिमका लागि स्रोत व्यक्तिको रोष्टर अध्यावधिक गर्नु पर्ने ।
- सैद्धान्तिक भन्दा व्यवहारिक र सीपमूलक तालिममा जोड दिनु पर्ने ।

#### २.९.२.२ डिभिजन वन/भू तथा जलाधार व्यवस्थापन/सिकार आरक्ष लगायतका कार्यालयहरूले गर्नुपर्ने सुधारका कार्यहरू :

- आफ्नो कार्यालय भित्रका कर्मचारीहरूको तालिम आवश्यकता राम्रोसँग पहिचान गरी कर्मचारीहरूलाई प्राथमिकीकरण गरी प्रतिवेदन योजना तर्जुमा गोष्ठीभन्दा १५ दिन अगावै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयमा आई पुग्ने गरी पठाउनु पर्ने ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले बनाएको वार्षिक कार्यक्रम तथा तालिम क्यालेण्डर हेरी सो समयमा कर्मचारीलाई तालिममा पठाउने व्यवस्था मिलाउनु पर्ने ।

- तालिम लिएका कर्मचारीहरूको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी देखिएका उपलब्धिहरू साथै सुझावहरू प्रशिक्षण केन्द्रलाई उपलब्ध गराउनु पर्ने ।
- सहभागीलाई तालिममा पठाउदा तालिम डाटावेसको आधारमा सम्बन्धित कार्यालयले उक्त तालिम नलिएको इच्छुक र उपयुक्त कर्मचारीलाई प्राथमिकता दिई तालिममा पठाउनु पर्ने ।
- कार्यालयका कर्मचारीहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गण्डकी प्रदेश बाहेक अन्य संघसंस्थाबाट तालिम लिएको वा पाएको भए उक्त रेकर्ड समेत प्रशिक्षण केन्द्रमा पठाउनु पर्ने ।

### २.१० क्षमता अभिवृद्धि :

- प्रभावकारी तालिम संचालनका लागि प्रशिक्षण केन्द्रका कर्मचारीहरू वन, वातावरण र वन्यजन्तुसग सम्बन्धित विषयमा आफै अध्यावधिक भएर बस्नु पर्ने वर्तमान परिवेशमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई अझ सशक्त, सक्षम र सवल बनाउनका लागि संघिय वन तथा वातावरण मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका साथै अन्य वन क्षेत्रसँग सम्बन्धित निकायबाट भए गरेका अध्ययन अनुसन्धानका कार्यहरू, प्रकाशित लेख, रचना, पुस्तक, पत्र-पत्रिका, ऐन, नियमावली, नीति, रणनीति, मार्गदर्शन, निर्देशिका, कार्यविधिहरू लगायतका सामाग्रीहरू यस प्रशिक्षण केन्द्रमा नियमित रूपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्ने ।
- यस प्रशिक्षण केन्द्रका कर्मचारीहरूको थप क्षमता अभिवृद्धिका लागि समय समयमा प्रदेश तथा संघीय मन्त्रालय तथा अन्य निकायहरूबाट संचालन हुने तालिम गोष्ठिहरूमा समावेश गर्नुपर्ने ।
- समय सापेक्ष लेख तथा प्रशासनिक कर्मचारीहरूलाई समेत क्षमता अभिवृद्धिको तालिम कार्यक्रमहरू संचालन गर्नुपर्ने ।

### २.११ भौतिक पूर्वाधार :

- सहभागीहरूलाई बारम्बार फिल्डमा लैजानु पर्ने भएकाले प्रदेश मन्त्रालयसग समन्वय तथा अनुरोध गरी २५ देखि ३० जनासम्म क्षमता भएको मिनी बसको व्यवस्था गराउनुपर्ने ।
- कार्यालयमा हाल रहेको एक मात्र सवारी साधन (जिप) अत्यन्त जिर्ण अवस्थामा रहेको हुँदा नयाँ जिपको व्यवस्था गर्नुपर्ने ।

# ३. आ.व. २०७९।०८० मा गरिएका अध्ययन, अनुसन्धान

**१) कार्यक्रमको नाम : GIS, Remote sensing तथा स्थलगत सर्वेक्षणबाट प्रदेश भित्रका जैविक मार्गहरूको पहिचान**

**१.२) उद्देश्य**

- गण्डकी प्रदेशमा बसाइ सराइ गर्ने/प्रवासी वन्यजन्तु (migrating wild animals) को अभिलेखीकरण (दस्तावेज) गर्ने ।
- गण्डकी प्रदेशमा सम्भावित जैविक मार्गहरूको पहिचान गने ।
- गण्डकी प्रदेशमा GIS मा आधारित बासस्थान कोरिडोर नक्सा तयार गर्ने ।
- सम्भावित कोरिडोर क्षेत्रमा भूमि व्यवस्थापन तह (land management layer) तयार गर्ने ।

**१.३) बिनियोजित रकमः रु १०,००,०००/- (अक्षरुपीः दश लाख मात्र)**

**१.४) जम्मा खर्च भएको रकमः रु ८,७१,७९५/-(कर सहित)**

**१.५) मुख्य नतिजा/उपलब्धिः**

- गण्डकी प्रदेशमा प्रवासी वन्यजन्तु (migratory wild species) चितुवा, हिमालयन कालो भालु, नाउर, रतुवा मृग, बाँदर, कस्तुरी मृग, हिउँ चितुवा, जंगली बदेँल, थार, रातो बाँदर, ध्वाँसे बाँदर, ढोले, ध्वाँसे चितुवा, खैरो भालु आदि जस्ता स्तनधारी वन्यजन्तु तथा सुनजुरे हाँस, कैलोटाउके हाँस, मालक हाँस, बिजुला गैरी, डुबुल्की चरा, सिउरे डुबुल्की चरा, लोभीपापी गरूड जस्ता प्रवासी चराहरू पाइने देखिन्छ ।
- प्रवासी स्तनधारी वन्यजन्तु र चराहरू खाना उपलब्धता, सूर्यको प्रकाश र तापक्रम जस्ता परिस्थितिहरूमा निर्भर गर्दै मौसमका आधारमा विभिन्न बासस्थानहरूमा सर्ने देखिएको ।
- गण्डकी प्रदेशमा जैविक मार्गहरूको पहिचान गर्नका लागि छाता प्रजातीको रूपमा चितुवा, कस्तुरी मर्ग र हिमालयन कालो भालु छनौट गरिएको थियो । उक्त प्रजाती प्रवासी प्रकृति (migratory nature), बसोबास स्थान (habitat location), बासस्थान दायरा उचाइ (habitat range altitude), बसोबास स्थान (habitat location), गृह दायरा (home range), संरक्षण स्थिती

(conservation status) का आधारमा छनौट गरिएको देखिन्छ ।

- काली गण्डकी उपत्यका र CHAL क्षेत्र देशान्तरीय (trans himalayan) स्तनधारी र चरा प्रजातीहरूको लागि बसाइसराइको समयमा महत्वपूर्ण जैविक मार्ग/कोरिडोरको रूपमा सेवा गर्ने देखिन्छ ।
- यस अध्ययनले पाँच सम्भावित जैविक मार्ग/कोरिडोरहरू MACA-चितवन, MMCA-चितवन, ACA-DHR, ACA-MCA र ACA-तनहुँ प्रस्तावित गरेको छ जसले दक्षिण र उत्तर, र गण्डकी प्रदेशका अन्य संरक्षित क्षेत्रहरूलाई पनि जोड्ने देखिन्छ ।
- Least cost modeling/landscape connectivity विधिबाट सम्भावित जैविक मार्ग/कोरिडोरको पहिचान गरिएको थियो ।

### २) कार्यक्रमको नाम: Establishing learning sites for monitoring climate–forest–water relation

### २.१) उद्देश्य:

जलवायु परिवर्तनको परिदृश्यमा चलिरहेको वन व्यवस्थापन गतिविधिहरू र सम्भावित वन व्यवस्थापन हस्तक्षेपले जैविक विविधता, वन उत्पादन आपूर्ति र hydrological function लाई कसरी प्रभाव गर्छ भनेर अध्ययन गर्नु यस परियोजनाको उद्देश्य रहेकोमा specific उद्देश्य निम्न रहेको:

- वन व्यवस्थापन treatments को वनस्पति (floral) र प्राणी विविधता, वन स्रोतको उत्पादकत्व र जलाधार स्तरमा hydrological function लाई पर्ने असरलाई अनुगमन गर्ने ।
- बाढी, infiltration, पानीको बहाव (run off), बर्षा आदिको अध्ययनबाट जलवायु जन्य प्रकोपमा वनको भूमिकाको विश्लेषण गर्ने ।
- जलवायु-वन-जलको अध्ययन गरी भविष्यको जोखिमको सामना गर्न दिगो रणनीति पहिचान गर्ने ।

यो परियोजनाको दीर्घकालिन उद्देश्य हासिल गर्न यस आर्थिक वर्ष यस अध्ययनले निम्न लक्ष्य राखी काम गरेको

- वनको अवस्था, जलाधार विशेषता र स्थानीय उपभोक्ताको निर्भरताको आधारभूत तथ्याङ्क (baseline data) व्यवस्थापन गर्न वन नमूना प्लटहरूको स्थापना गर्ने ।
- जलवायु तथ्याङ्कको विश्लेषण गरी वन हस्तक्षेप (forest interventions)

/जलाधार अनुगमन योजना तयार गर्ने ।

**२.२) बिनियोजित रकमः रु १५,००,०००/-(अक्षरुपीः प्रन्ध लाख मात्र)**

**२.३) जम्मा खर्च भएको रकमः रु १४,३०,०००/-**

**२.४) मुख्य नतिजा/उपलब्धिः**

- कास्की जिल्लाको दुई सुक्ष्म जलाधार (पुडी र हाडी) को वन, पानी, जलवायु क्षेत्र/पक्षलाई समेट्ने गरी सुक्ष्म जलाधारको चित्रण (delineated) , सो को land use land change classification/morphometric मापदण्ड विश्लेषण गरिएको छ ।
- पुडि र हाडी सुक्ष्म जलाधारमा क्रमशः २६ र ३३ वटा पानीको मुहान रहेको जहाँ अध्ययनले पानीका मुहानहरू सुक्दै गइरहेको देखाएको, ६६ स्थानीय वन नमूना प्लट मध्ये पुडिमा ३८ र हाडीमा २८ वटा सथापना गरिएकोमा क्रमशः १९६.९४ टन/हे. र २१३.७२ टन/हे. कार्बन उत्सर्जन गर्ने सम्भावना देखिएको छ ।
- अध्ययनमा हाडीमा रूख/पोल र विरूवाको घनत्व बढी देखिएको छ भने पुडिमा रूखहरूको पुनरूत्पादनको घनत्व बढी देखिएको छ ।
- स्थानीय सामुदियक वन भन्दा निजी वनमा बढी आश्रित रहेका छन् भने वनको उत्पादकत्व पनि कमजोर रहेको देखिएको छ ।
- सन् १९७१ देखि २०२२ सम्मको दैनिक तापक्रमको तथ्याङ्कको विश्लेषण अनुसार विगत ५१ वर्षमा तापक्रम बढ्दो क्रममा रहेको देखिएको छ ।
- सूक्ष्म जलाधारमा मानवीय हस्तक्षेप/दबाब रहेको अध्ययनबाट देखिन्छ ।
- वन, जल र जलवायु बिचको अन्तरसम्बन्धलाइ अनुगमन/अध्ययन गर्ने आधारभूत तथ्याङ्क संकलन/तयार गरिएको छ ।

**३) कार्यक्रमको नामः पन्चासे क्षेत्रमा जैविक विविधता अनुगमनका लागि स्थायी अध्ययन प्लट स्थापना तथा अध्ययन**

**३.१) उद्देश्य**

- पनचासे क्षेत्रमा जैविक विविधताको वर्तमान स्थिती आकलन गर्ने ।
- समयसँगै जैविक विविधतामा हुने परिवर्तनको अनुगमन गर्ने ।
- वनको कूल ग्रहास्थ र कार्बनमा हुने परिवर्तनको अनुगमन गर्ने ।
- जैविक विविधता संरक्षणका लागि खतराहरू पहिचन तथा तिनीहरूको न्यूनिकरणाको लागि रणनिती तयार गर्ने ।

- जैविक विविधता संरक्षणका लागि व्यवस्थापन रणनीति निर्माण गर्ने ।

**३.२) बिनियोजित रकमः रु ४,००,०००/-(अक्षरुपीः चार लाख मात्र)**

**३.३) जम्मा खर्च भएको रकमः रु ४,००,०००/-**

**३.४) मुख्य नतिजा/उपलब्धि**

- पन्चासे क्षेत्रमा जैविक विविधता अनुगमन गर्नका लागि उचाइ दायरा (elevation range) का आधारमा कास्की, स्याङ्जा र पर्वत जिल्ला गरी ६० प्लट स्थापना लागि QGIS बाट generate गरिएको थियो ।
- ९७२ देखि १५०० सम्म, १५०० देखि २००० सम्म र २००० देखि माथि गरी तीन elevation range मा नमूना प्लट राखिएकोमा सबैभन्दा बढी नमूना प्लट १५०० देखि २००० सम्मको उचाइमा रहेको देखिन्छ ।
- सथापित नमूना प्लटहरू मध्ये ५२% वन क्षेत्र, १९% खरबारी, १०% बुट्यान क्षेत्र इत्यादिमा रहेको जसले सबै किसिमको भू-उपयोगको प्रतिनिधित्व गर्ने देखिन्छ ।
- कूल प्लटहरू मध्ये करिब १७% प्लटहरू अप्ठारो भू-भाग र ठाडोपनका कारण unreachable रहेको थियो ।
- रूखहरू, ढुङ्गा/चट्टान, झरना,चौतारी, सडक/मार्गहरू, खोलाहरू, बिजुलीको पोल, गोठ अदि सन्दर्भ विन्दुको रूपमा रहेको देखिन्छ ।
- नमूना प्लटहरूमा चरिचरन, मानवीय गतिविधिहरू (घाँस, दाउरा, पत्कर संकलन), सडक निर्माण जस्ता विकासका गतिविधिका कारण भू-क्षय, बाढी, भू-खण्डिकरण जस्ता अवरोध (disturbance) देखिन्छ ।
- बजेट limitation का कारण यस आ.व.मा मापन कार्य गर्न नसकिएको देखिन्छ ।

**४) कार्यक्रमको नामः रामसारमा सूचिकृत सिमसार क्षेत्रमा बाह्य मिचाहा प्रजातीको अवस्था, प्रभाव र न्यूनिकरणको उपाय सम्बन्धी अध्ययन अनुसन्धान**

**४.१) उद्देश्य**

- पोखरा ताल क्लस्टरमा बाहृय मिचाहा प्रजातीहरूको चेकिलष्ट तयार गर्ने ।
- अध्ययन क्षेत्रहरूमा बाहृय मिचाहा प्रजातीहरूको चालक (drivers) र फैलावट मार्ग पहिचान (dispersal pathways) गर्ने ।
- बाहृय मिचाहा प्रजातीहरूको वातावरणीय आर्थिक प्रभावहरूको दस्तावेज गर्ने ।

- बाह्य मिचाहा प्रजातीहरूको व्यवस्थापनका लागि न्यूनिकरणका उपायहरू recommend गर्ने ।

**४.२) बिनियोजित रकमः रु २,००,०००/-(अक्षरुपीः दुई लाख मात्र)**

**४.३) जम्मा खर्च भएको रकमः रु २,००,०००/-**

**४.४) मुख्य नतिजा/उपलब्धि**

- पोखरा ताल क्लस्टरमा मुख्यतः जलकुम्भी (Eichhornia crassipes), बेशरम (Ipomoea carnea), कुम्भिका (Pistia stratiotes), जल जम्भु (Alternanthera philoxeroides) र कराते घाँस (Leersia hexandra) पाइएको देखिन्छ ।
- ताल भित्र र वरिपरि क्षेत्रमा अन्य मिचाहा प्रजातीहरू जस्तै कालो वनमारा, करौते, निलो गन्धे, आलु पाते, सेतो वनमारा, चित्लाङ्गे, भेडे कुरो, ठूलो टाप्रे, कालो कुरो, वन फाँडा आदि पाइएको जसको समयमै व्यवसथापन नगरे ताल क्षेत्रलाई भविष्यमा अझै अतिक्रमण गर्ने देखिन्छ ।
- पहिरो, कृषि बहाब (agricultural run off), युट्रिफिकेसन, सजावटी उद्देश्यका लागि रोपिने जस्ता कारणबाट सिमसार क्षेत्रमा मिचाहा प्रजाती फैलिन र स्थापना हुन सफल भएको देखिन्छ ।
- बस्ती र सडक छेउमा अवस्थित सिमसार क्षेत्रमा बढी मिचाहा प्रजातीको हस्तक्षेप भएको देखिन्छ ।
- सिमसार क्षेत्रमा भएका मिचाहा प्रजातीलाई हटाउन लाग्ने आर्थिक भार, सिमसारद्वारा प्राप्त हुने पर्यावरणीय सेवाहरूमा परिवर्तन, स्थानीय वनस्पति र जीवजन्तुमा असर, जैविक विविधतामा हानी, माछा मार्नमा कठिनाइ, सम्बन्धित सिमसार क्षेत्रको मनोरञ्जन मुल्य (recreational value) मा कमी हुने, बस्तुहरूको भोकमा कमी हुने जस्ता प्रभाव देखिन्छ ।
- मिचाहा प्रजातीलाई रोकथाम गर्न कुनै पनि ठाउँमा सुरूवात हुन नदिनु, कृषक, बोटेहरूलाई मिचाहा वनस्पति, माछा प्रजातिको प्रभाव, रोकथाम बारेमा जनचेतना कार्यक्रम राख्ने, भू क्षय, पहिरो आदिलाई रोक्न माटो संरक्षणका उपायहरू लागु गर्ने, सिमसार क्षेत्रमा युट्रिफिकेसन रोक्न जनचेतना तथा प्रयास गर्ने, ताल भित्र वा वरिपरिका वनस्पतिलाई घरमा सार्न रोक्ने, मौसम अनुरूप सिमसार क्षेत्रमा मिचाहा प्रजाती हटाउने, रोकथामका नियमित अनुगनमका काम गर्नुपर्ने देखिन्छ ।

# ४. सम्पादित तालिमहरूको विवरण

## ४.१ आ.व. २०७९।०८० मा संचालित तालिमहरू

आ.व. २०७९।०८० मा यस केन्द्रमा ८ वटा तालिमका लागि रू. २९,२१,०००। (अक्षरूपीः उनन्तिस लाख एक्काईस हजार) विनियोजन भएकोमा सबै तालिम सम्पन्न भएको थियो । तालिममा गण्डकी प्रदेशमा अवस्थित २३ वटा कार्यालयमा कार्यरत १२८ जना कर्मचारिहरू प्रत्यक्ष रूपमा लावान्भित भएका थिए। जस मध्ये अधिकृतस्तर ४९ जना, सहायकस्तर १९ जना, फरेष्टर ११ जना, सिनियर गेमस्काउट ३ जना, वन रक्षक १९ जना, गेमस्काउट ६ जना र स.व.र./जमदार ३ जना थिए।

तालिममा सबैभन्दा बढी डिभिजन वन कार्यालय कास्कीबाट (१४ जना) सहभागी भएको थिए । १०२ जना प्रदेशका र २६ जना संघका कर्मचारीहरू तलिममा सहभागी भएका थिए। १२४ जना नेपाल वन, ४ जना टि.यु.र प्रशासन सेवा समुहका कर्मचारीहरू तलिममा सहभागी भएका थिए। १२४ जना नेपाल वन सेवाका कर्मचारीहरू मध्ये ९१ जना जनरल फरेष्ट्री, १० जना स्वायल एण्ड वाटरसेड, ३ जना रिसर्च, २० जना वाईल्ड लाईफ समुह सेवाका कर्मचारीहरू रहेका थिए।

यस आ.व.मा सम्पन्न तालिमहरूमा, सहभागिहरूको उपस्थितिलाई लैङ्गिक आधारमा विष्लेषण गर्दा, पुरूष १०२ जना र महिला २६ जना उपस्थित भएका थिए। आ.व.२०७९/०८० को वार्षिक वित्तिय प्रगति ९८।६१ प्रतिशत र वार्षिक भौतिक प्रगति १००।०० प्रतिशत हासिल गर्न यस केन्द्र सफल रहेको थियो।

## ४.२ कार्यालय र तालिमका आधारमा सहभागी विवरण तथा विश्लेषण :

| सि.न. | कार्यालयहरू | तालिमहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
